स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मिलन चाम्सको निर्देशनमा बन्ने फिल्म हो 'सुम्निमा'। प्रेमकथामा बन्न लागेको फिल्ममा मुख्य अभिनेताको रूपमा अनुप विक्रम शाही भित्रिएका छन्। निर्माण युनिटले उनलाई फिल्मको मुख्य भुमिकामा भित्र्याएको हो। फिल्मको मुख्य भूमिकामा यसअघि अभिनेत्री उपासनासिंह ठकुरी र अभिनेता कुन्साङ बमजन छानिएका थिए। उपासना अनुप कि कुन्साङ कसको जोडी बन्ने हो, त्यो अहिले खुलाइएको छैन।

आजको विचार...



प्रकाश नेपाल

स्मृतिमा...
(दुई पेजमा)



आर्टमाण्डुको फिल्म 'ऊनको स्वीटर'पछि बक्स अफिसमा कुनै पनि नेपाली फिल्मले जादू चलाउन सकेका छैनन्। त्यसै पनि असार महिनालाई फिल्म रिलिजका लागि 'अफ सिजन' जस्तै मानिन्छ। मध्यवर्षायाम र धान रोपाइँको महिना भएकाले दर्शक हलसम्म आउँदैनन् भन्ने पहिलेदेखिकै मान्यता छ। सहरी जनसंख्या बढिरहेको अहिलेको समयमा यो कति सान्दर्भिक हुन्छ, बेग्लै बहसको विषय होला।

❒ वर्ष ३१ ❒ अंक ८ ❒ २०८२ साउन ८ गते बिहीबार 24 July 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा नसर्ने रोगका विरामीको संख्या बढ्दो

रामचन्द्र रायमाझी/रासस

**तानसेन (पाल्पा),** साउन ७/पाल्पामा नसर्ने रोगबाट प्रभावितको संख्या उच्च देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा नसर्ने रोगहरूमध्ये मधुमेह र उच्च रक्तचापको समस्याबाट प्रभावितको संख्या सबैभन्दा धेरै छ ।

स्वास्थ्य कार्यालयले यहाँका १० वटै पालिकामा ३० वर्ष भन्दा माथि उमेर समुहका १३ हजार ५ सय ३६ जनामा स्क्रिनिङ्ग गरेको थियो । जसमा ७५ प्रतिशत सामान्य रहेकोमा २५ प्रतिशतमा मधुमेहको समस्या, १४ दशमलव ५ प्रतिशतमा सामान्य तौल भएको, २ दशमलव ७ प्रतिशतमा कम तौल भएको, ३४ दशमलव ३ प्रतिशतमा बढी तौल भएका र ४८ दशमलव ५ प्रतिशतमा मोटोपन भएको पाईएको कार्यालयका वरिष्ठ क्षयकुष्ठ रोग फोकल पर्सन विश्वनाथ न्यौपाने बताए । उनका अनुसार उच्च रक्तचापको अवस्थामा २२ प्रतिशत सामान्य रहेको र ७८ प्रतिशतमा शुरुवाती चरण देखी उच्च अवस्थामा पुगेको



पाईएको छ । सबै भन्दा बढी मधुमेहका विरामीहरु बगनासकाली गाउँपालिकामा देखिएका छन् । फरक-फरक उमेर समूहमा परीक्षण गर्दा कडा प्रकृतिको मधुमेह सबैभन्दा बढी यहाँ ८ प्रतिशत भेटिएको कार्यालयको तथ्याङ्कमा छ । सबैभन्दा कम पूर्वखोला गाउँपालिकामा ३ दशमलव ३ प्रतिशत विरामी रहेका छन् । यस्तै रम्भा गाउँपालिकामा ७ दशमलव ५ प्रतिशत, माथागढी गाउँपालिकामा ६ दशमलव ६ प्रतिशत, रामपुर नगरपालिकामा ६ दशमलव ३ प्रतिशत, रिब्दीकोट गाउँपालिकामा ४ दशमलव ८ प्रतिशत, रैनादेवी गाउँपालिका र तानसेन नगरपालिकामा ४ दशमलव ७ प्रतिशत, निस्दी र तिनाउ गाउँपालिकामा ३ दशमलव ५ प्रतिशतमा कडा प्रकृतिको मधुमेह भेटिइएको फोकल पर्सन न्यौपानेले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## सक्षिप्त समाचार

### इजरायली आक्रमणमा १९ को मृत्यु



(रासस/क्यूएनए)

**गाजा,** साउन ७/गाजामा भएको इजरायली सेनाले गाजा सहरमा एक परिवारको विरुद्धमा गाजापट्टीको अल बुरेज शरणार्थी शिविर र दक्षिणको राफाह सहरमा हवाई आक्रमण गर्दा १९ जना प्यालेस्टिनीहरूको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको जनाइएको छ । गाजा सहरको उत्तरपश्चिमी भागमा इजरायली लडाकु विमानले एउटा घरलाई निशाना बनाई आक्रमण गरेपछि छ जना बालबालिकासहित उनीहरुको मृत्यु भएको र अन्य घाइते भएको चिकित्सा स्रोतहरूले बताएका छन् । स्थानीय स्रोतले बताएअनुसार इजरायली लडाकु विमानले गाजा सहरको उत्तरपश्चिमस्थित आवासीय घरमा प्रहार गरेको बम घटनास्थलमा पुगेको एम्बुलेन्समा लागेपछि ठूलो सङ्ख्यामा मानिसहरुको आक्रमणको सिकार भएको जनाइएको छ । गाजा सहरको दक्षिणपूर्वी भागमा रहेको अल जायतुनमा रहेको सालाह अल दिन मस्जिद पछाडिको घरमा भएको अर्को हवाई आक्रमणबाट पनि मानिसहरू घाइते भएको जनाइएको छ ।

## जंगली च्याउ खाँदा एकै परिवारका दुई जनाको मृत्यु



**रुकुम पूर्व,** साउन ७/रुकुम पूर्वमा जङ्गली च्याउ खाँदा एकै परिवारका दुई जनाको मृत्यु भएको छ । जिल्लाको भूमे गाउँपालिका-५ सेराबाङका तीन वर्षीय योजन विक र छ वर्षीया भाग्यरेखा विकको मृत्यु भएको हो ।

योजनको मङ्गलबार दिउँसो र भाग्यरेखाको मङ्गलबार राति राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ । सोही परिवारका अन्य दुई जना भने गम्भीर घाइते छन् । मृतकका आमा ३५ वर्षीया रामकुमारी सुनार र उहाँकी छोरी नौ वर्षीया आयुषा विकको अवस्था पनि गम्भीर रहेको प्रहरीले जनाएको छ । यही २ गते जङ्गलबाट ल्याइएर च्याउ खाएर बिरामी भएकामा साउन ५ गते मात्र रुकुम पूर्व अस्पतालमा आएका थिए । अस्पतालमा उपचार हुन नसकेपछि सबैलाई जिल्ला अस्पतालले ६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ पठाएको थियो । दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ भने बाँकी दुई जनालाई नेपालगञ्ज भेरी अस्पताल पठाइएको छ । *-रासस*

## पाल्पामा मनाइयो घण्टाकर्ण

**तानसेन (पाल्पा),** साउन ७/प्रत्येक वर्षको साउन कृष्णपक्ष घण्टाकर्ण चतुर्दशीको अवसरमा मनाइने गठेंमंगा: अर्थात् घण्टाकर्ण पर्व पाल्पामा पनि मनाइएको छ । नेवार समुदायमा घर शान्तिको कामना गर्दै यो पर्व मनाइएको हो ।



बजारका चोक चोकमा गठाँमो ठड्याइएको थियो । तानसेनको बसपार्क, नारायणस्थान, सितलपाटी, टक्सारटोललगायतका स्थानमा घण्टाकर्णको लिङ्गाकृति नर्कट राखिएको थियो । गठेंमंगा: पर्व नेवारहरूको मौलिक पर्व मध्येको एक हो । वर्षको चार वटा प्रमुख चतुर्दशी घण्टाकर्ण चतुर्दशी, बाला चतुर्दशी, तिहारको काग चतुर्दशी र शिवरात्रि चतुर्दशीमध्ये घण्टाकर्ण चतुर्दशी नेवार समुदायले मात्र मनाउने भएकाले यसलाई नेवार समुदायको मौलिक पर्वका रूपमा लिने गरिएको हो । यस दिनमा आफ्नो घर गृह शान्तिको कामना गर्दै आफ्ना परिवारलाई रोग व्याधि नलागोस् भनेर घण्टाकर्णको पूजा गरिन्छ । घर र परिवारलाई भूतप्रेत नलागोस् भनेर बौ वाय् ज्या ( भूत मन्छाउने कार्य) यो पर्वको मौलिक परम्परा रहेको संस्कृतिविद्हरू बताउँछन् । शनिबार तानसेनका नेवार समुदायले दोबाटो र चौबाटोमा नर्कटको तीनखुट्टे लिंगाकृति गठांमो ठड्याई घण्टाकर्ण पर्व मनाएका हुन् । साँझपख सो राक्षसको प्रतीक स्वरूपको नर्कट र छ्वालीको मानवकृतलाई बाजागाजाका साथ ख्याल ठट्टा गर्दै नजिकको होलाङ्गदी खोलामा लगेर जलाइएको थियो । परापूर्व कालमा दोबाटो चौबाटोमा बसेर जे पायो त्यही खाने र बाटो हिंड्ने मानिससित जगत पैसा उठाई दुख दिने घण्टाकर्ण गठेमंगल नाम गरेको राक्षस मारिएको दिन सम्झेर यो पर्व मनाउने गरिएको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्ययक्ष मदन देउरालीले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पुष्पलाललाई स्मरण गर्नुको सार्थकता

नेपाल कम्युनियष्ट पार्टीका संस्थापक महासचिव क. पुष्पलालको बुधबार स्मृति दिवस मनाइएको छ । नेपाली कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनका क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण योगदानको स्मरण गर्दै नेकपा एमालेले उनको स्मरण गरेको हो ।

उनी नेपालका प्रथम गणतन्त्रवादी नेता समेत हुन् । जनता चेतनशील हुनुपर्छ, कार्यकर्ता संगठित हुनुपर्छ, परिवर्तन अवश्यम्भावी छ, यसलाई संसारका कुनै पनि शक्तिले रोक्न सक्दैनन् भन्ने पुष्पलालको विचार अहिले पनि महत्वपूर्ण रहेको छ । जनवादी केन्द्रीयता लागु हुन सकेन भने पार्टी जीवनमा नै बेथिति देखापर्ने उनी बताउन्थे । नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएका पुष्पलाल कम्युनिष्ट आन्दोलनका साझा सम्पत्ति र लोकप्रिय सर्वोच्च व्यक्ति हुन् । पुष्पलाल उच्च विचार र सादा जीवनका धनी थिए । उनले कहिले पनि आफ्नो व्यक्तिगत जीवन र स्वार्थलाई केन्द्रमा राखेनन् । नेपाली समाजको पहिलो मार्क्सवादी विश्लेषक पुष्पलालका विचार र आदर्श व्यक्तित्व नेपाली कम्युनिष्ट इतिहासले कहिल्यै पनि बिर्सन सक्दैन । तर नेपालका कुनै पनि कम्युनिष्टले उनको बाटोलाई पहिल्याउन सकेका छैनन् । सबै कम्युनियष्टले आफूलाई पुष्पलालका अनुयायी भएको भन्न कहिल्यै थाक्दैनन् । उनीहरूले आफूलाई पुष्पलालपन्थी भन्दै आएका छन् तर पुष्पलाल पथमा हिंडिरहेका छैनन् । किनभने पुष्पलालले स्थापना गरेको नेपाली कम्युनिष्ट आन्दोलनले ७६ वर्ष पार गर्दा सम्म पनि नेपालमा क्रान्ति सम्पन्न भएको छैन । जसका कारण पुष्पलालका नेपाली क्रान्तिका सुन्दर सपना अधुरै छन् । यति लामो अवधिसम्म पनि पुष्पलालका सपना साकार हुन नसक्नुमा उनकै अनुयायी भनिएका नेपालका कम्युनिष्ट पुष्पलाल पथमा हिंड्न नसक्नु प्रमुख कारण बन्न पुगेको छ । पार्टीभित्रको आन्तरिक कलहले पुष्पलालको सैद्धान्तिक, वैचारिक र व्यावहारिक पक्ष ओझेलमा परेको छ । वर्तमान सन्दर्भमा कम्युनिष्ट पार्टीभित्र पुष्पलालद्वारा प्रतिपादित तीन 'स' अर्थात् सिद्धान्त, संगठन र संघर्षलाई आत्मसात् गर्न सकेको देखिंदैन । उनले रोपेको कम्युनिष्ट आन्दोलनको बीउ आज कम्युनिष्ट आन्दोलनको प्रेरणाको साँच्चै नै स्रोत बनेको छ । उनले दिएको समाजको चरित्र चित्रण हाम्रो अग्रगतिको वाहक बनेको छ । त्यही उनले अगाडि सारेको मान्यतामा अडिग भई उनका योगदान र विचारलाई सिर्जनात्मक ढंगले प्रयोग गर्न सके मात्र साँचो अर्थमा पुष्पलालको स्मरण गर्नुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

भरी खल्ती सबै तिर चल्ती खाली खल्ती जे गरेनि गल्ती
अनि कसरी भनौँ पैसा नै सबथोक होइन भनेर साथी ।
*(बिना श्रेष्ठको फेसबुक स्टाटसबाट www.facebook.com//Shanta.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्मृतिमा वि.पि र पुष्पलाल



प्रकाश नेपाल
prakashnepal014@gmail.com

> *पुष्पलाललाई देशभित्रको मामिलामा मात्र होइन, पार्टीहरूको आन्तरिक विवादमा समेत भारतीय नेताहरूको हस्तक्षेप र सरसल्लाह मन पर्दैनथ्यो । उनी नेपालको कुनै पनि मामिलामा विदेशीले हात हाल्न खोज्ने प्रवृत्तिलाई स्विकार्दैनथे र त्यसको विरोधमा उभिन्थे । वि.पि. कोइरालाले बाँचुञ्जेल नेपाली काग्रेसलाई मात्र केन्द्रमा राखेर सोचे र पछिल्लो कालमा राजासँग मेलमिलापको नीतिलाई जोड दिए । राजासँगको लडाइँमा भारतले गम्भीर धोका दिएर अप्ठ्यारोमा पारेपछि र भारतीय स्वार्थका लागि राजासँग भारतले मोलमोलाइ गर्न थालेपछि कोइराला भारतबाट नेपाल फर्के र मेलमिलापको नीतिमा जोड दिन थाले । उनको स्वदेश आगमन नेपाली राजनीति र नेपालको लोकतान्त्रिक आन्दोलनका लागि सकारात्मक एवं महत्वपूर्ण घटना थियो । यीनै महान व्यक्ति वि.पि र पुष्पलालका विचार , आदर्श र योगदानका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।*
>
> *वि.पि. कोइराला विशेष गरी नेपालको मात्र नभई दक्षिण एसिया कै नेता कै रुपमा स्थापित व्यक्ति थिए ।*

हाम्रो मुलुकका प्रजातान्त्रिक आन्दोलनका सुत्राधार भनिने दुई महान व्यक्तिलाई औपचारिक रुपमा स्मरण गर्ने दिनका रुपमा लिने दिन पनि लगातार दुई दिन पर्ने गरेका छन् । मुलुकमा प्रजातन्त्र बिना केही सम्भव हुँदैन भन्ने दुई महान व्यपक्त वि.पि कोइराला र पुष्पलाल श्रेष्ठको जन्म पनि एक दिनको फरकमा परेकाले उनीहरुका अनुयायीहरुले सम्झने गर्दछन् । साउन ६ गते विश्वेश्वरप्रसाद (वि.पि) कोइराला र साउन ७ गते पुष्पलालको स्मृति जयन्ती मनाउने गरिन्छ । यी दुवै नेताले स्थापना र नेतृत्व गरेका दल आज देशका पहिलो, दोस्रो र तेस्रो छन् । सधैं झैं यस पल्ट पनि नेपाली काँग्रेसले वि.पि कोइरालाको र कम्युनियष्ट पार्टीका घटकहरूले पुष्पलालको स्मृतिमा देशका विभिन्न भागमा कार्यक्रम गरेर मनाए । नेपालको राष्ट्रियता र लोकतन्त्रका लागि यी दुवै नेताको योगदान महत्वपूर्ण छ । बहुदलीय व्यवस्था विना र मौलिक हकको अभावमा आजको युगमा कोही पनि मान्छे साँचो अर्थमा नागरिक बन्न सक्दैन भन्ने मान्यतामा यी दुवै जीवनभर रहे र त्यसको प्राप्तिका लागि संघर्ष गरिरहे । राष्ट्रियताको मामलामा वि.पि.का विचार क्रमश: परिमार्जित स्पष्ट र परिपक्व हुँदै आएको पाउँछौं भने पुष्पलाल शुरूदेखि नै यस विषयमा स्पष्ट रहेको पाउँछौं । पुष्पलाललाई देशभित्रको मामिलामा मात्र होइन, पार्टीहरूको आन्तरिक विवादमा समेत भारतीय नेताहरूको हस्तक्षेप र सरसल्लाह मन पर्दैनथ्यो । उनी नेपालको कुनै पनि मामिलामा विदेशीले हात हाल्न खोज्ने प्रवृत्तिलाई स्विकार्दैनथे र त्यसको विरोधमा उभिन्थे । वि.पि. कोइरालाले बाँचुञ्जेल नेपाली कांग्रेसलाई मात्र केन्द्रमा राखेर सोचे र पछिल्लो कालमा राजासँग मेलमिलापको नीतिलाई जोड दिए । राजासँगको लडाइँमा भारतले गम्भीर धोका दिएर अप्ठ्यारोमा पारेपछि र भारतीय स्वार्थका लागि राजासँग भारतले मोलमोलाइ गर्न थालेपछि कोइराला भारतबाट नेपाल फर्के र मेलमिलापको नीतिमा जोड दिन थाले । उनको स्वदेश आगमन नेपाली राजनीति र नेपालको लोकतान्त्रिक आन्दोलनका लागि सकारात्मक एवं महत्वपूर्ण घटना थियो । यीनै महान व्यक्ति वि.पि र पुष्पलालका विचार , आदर्श र योगदानका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

वि.पि. कोइराला विशेष गरी नेपालको मात्र नभई दक्षिण एसिया कै नेता कै रुपमा स्थापित व्यक्ति थिए । उनको जन्म १९७१ सालको भदौ २४ गते भएको हो । ३६ वर्षको कलिलो उमेरमा यो मुलुकको २२ औं प्रधानमन्त्री बनेको व्यक्तित्वको निधन २०३९ साल साउन ६ गते भएका कारण उनका अनुयायीहरुले त्यस दिनका लागि कार्यक्रम गरेर स्मरण गर्दछन् । प्रजातान्त्रिक समाजवाद भनेको के हो ? समाजवादी नेतामा हुनुपर्ने गुण के हो । संवैधानिक राजसंस्था यो मुलुकमा किन अपरिहार्य छ । भन्ने दर्शन सिद्धान्त छाडेर गएका वि.पि.ले २००३ सालमा भारतको वनारसमा राष्ट्रिय काँग्रेसको स्थापना गरी जहाँनिया राणा शासन विरुद्ध आमनागरिकलाई गोल बन्द गरेका समयमा शुवण शमशेरद्वारा गठित प्रजातान्त्रिक काँग्रेस पार्टीसँग २००६ सालमा एकीकरण गरी आन्दोलनलाई थप सशक्त र उचाईमा पुऱ्याउन सफल व्यक्तित्वलाई महामानव भन्ने पनि गरिएको हो । प्रजातन्त्र बिना मुलुकको विकास सम्भव नदेखेका वि.पि.ले प्रजातन्त्रलाई सस्थागत गर्नु पर्दछ भनि कार्यकर्तालाई प्रशिक्षित गरेका वि.पि कै अनुयायीहरु भनिनेबाट आज पटक-पटक प्रजातन्त्र धरापमा परेको कटु सत्य हो । २०१६ साल जेठ १६ गते देखि २०१७ साल पुष १ गतेसम्म प्रधानमन्त्री बनेका वि.पि. कै कार्यकालमा सबै भन्दा बढी शिक्षा क्षेत्रमा विकास गरेको हो । आज उनकै अनुयायीहरुले त्यति बेला स्थापित शिक्षण सस्था ध्वस्त गरेर पुँजीवादी सिद्धान्त अनुरुपका शिक्षण संस्था स्थापना गरेर वि.पि.को तस्वीरमा माल्यार्पण गर्नेको सख्या बढ्दो अवस्थामा रहेको छ । वि.पिद्धारा प्रतिवादीत सिद्धान्त र दर्शनलाई पन्छाउँदै नयाँ खालको प्रजातान्त्रिक समाजवादको व्याख्या हुने गरेको छ । भ्रष्टतस्करका रुपमा पहिचान बनाएकाहरुको भिड बढेको कारण सच्चा इमान्दार कार्यकर्ता भनिने पुराना-पुराना व्यक्तिहरुले आज क्रियाशिलताबाट धेरै टाढा पुगेका छन् ।

राजसंस्था भनेको मियो हो यसलाई संरक्षण गर्नु पर्दछ । जब विदेशी हस्तक्षेप बढ्छ त्यस समयमा राजासँग राष्ट्रियताको सवालमा कार्यगत एकता हुने उद्घोष वि.पि.ले गरेका थिए । हुन पनि बाहिरी शक्तिसँग लड्नका लागि घरभित्रका परिवारका सदस्यहरु मिल्नु पर्दछ भन्ने संदेश हो । त्यो आज पनि उत्तिकै मर्मस्पशी छ । वि.पि.का सहोदर भाई गिरीजा प्रसाद कोइरालाले आफु राष्ट्रपति हुने सपना देखेका कारण राजसंस्थालाई जरैबाट उखलेपछि आज मुलुकमा राजनैतिक अस्थिरता निम्तिएको हो । वि.पि कति दुरदर्शी नेता हो भन्ने कुरा यसबाट प्रस्ट हुन्छ । त्यसले गर्दा अधिकाशंले वि.पि.को तस्विरमा माल्यार्पण गर्दा वि.पि.को आसिश होइन्, उल्टा श्राप लाग्नेछ । त्यस कारणले गोहीको आशु झार्न व्यर्थ लाग्दछ । वि.पि.को चिन्तन अनुरुप आज पार्टी संगठन चलेको छ त । काँग्रेसहरुले सोच्न पर्ने समय आएको छ ।

सहिद गंगालाल श्रेष्ठको नाम नसुनेका कमै छन् । राणा साशनको विरुद्धमा लागेको कारण उनलाई मृत्यु दण्ड दिइयो । उनले क्षमा याचन गरेको भए सायद राणाहरुले उनलाई फासी दिने थिएनन् होला तर उनले मृत्यु दण्ड नै रोजे । उनैका भाइ रहेछन् पुष्पलाल श्रेष्ठ । १९८१ साल असार १४ गते रामेछापमा जन्मिएका पुष्पलालले मुलुकमा कम्युनिष्ट पार्टीको वैचारिक धार दिएर गएको व्यक्ति हुन् उनी । २०३५ साल साउन ७ गते ५४ वर्षको उमेरमा निधन भएका व्यक्ति ५ वर्षसम्म कम्युनिष्ट पार्टीको महासचिव बनेका पुष्पलालले कम्युनिष्ट पार्टीका कायकर्ता तथा नेताले पालन गर्नु पर्ने आचार, सिद्धान्त दर्शन स्थापना गरेका गएका थिए । दियोमा तेल राखी बत्ती बालेर उज्यालो फैलाएका पुष्पलाल हुन् उनी । त्यही दियोमा तेलको सट्टा पानी राख्न पुगेका कारण कम्युनिष्ट पार्टी आज बैचारिक धरातलबाट बिचलन हुन पुगेको भएपनि एक दिन कम्युनिष्टहरुले पुष्पलालको फोटोमा माल्यार्पण गर्दछन् । पुष्पलालद्धारा प्रतिवादित आचरण र दर्शनका विषयमा छलफल र बहश हुन छाड्यो । उनको तस्विरमा माल्यार्पण गर्ने नेतादेखि कार्यकर्ता सम्मले दर्शन र सिद्धान्त पालना गरेका छन् या छैनन् एक पटक गंभिर भएर सोच्नु पर्ने भएको छ । पुष्पलालद्धारा प्रतिवादित सिद्धान्तलाई आजको नेकपा एमालेले पूर्ण रुपमा छाडि सकेका छन् । अनुशाशित र मर्यादित र आचरणमा रहेको भए आज नेकपा एमालेले काण्डै काण्डको उपमा पाउने थिएन होला । पुष्पलालका अनुदायीहरु पनि भ्रष्ट र दलाल भए दर्शन र सिद्धान्त हरायो । अधिकाश कार्यक्रर्तालाई पुष्पलालको जन्म कुन जिल्लामा भएको हो भन्ने थाहा नहुन सक्छ । दर्शन सिद्धान्त सबै नयाँ प्रतिवादित भयो ।

पुष्पलाल र वि.पि.को असली कार्यकर्ता अत्यन्तै कम हुँदै गए । सिद्धान्त र दर्शन केही एथावत भए पनि नेतृत्वमा विचलन भयो । संगठन र नेतृत्व नेतामुखी भयो । त्यसको परिमाण आज नयाँ पुस्ताले एमाले र काँग्रेसको विकल्प खोजेका छन् । दर्शन र सिद्धान्तलाई पालना गरेको खण्डमा मात्र उनीहरु प्रति सच्चा श्रद्धाञ्जली हुनेछ । ***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्य अनुकूल रहनेछ। सानो दुरीको रमाइलो यात्राको योग छ। | **तुला** : सामाजिक क्षेत्रमा पदीय जिम्मेवारी मल्नेछ । कार्यक्षेत्रमा सफल भइनेछ। |
| **वृष** : सुख र आनन्दको प्राप्ति हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **वृश्चिक** : मेहनतको राम्रो परिणाम मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **मिथुन** : यात्रामा खर्चका योग छन्। व्यर्थको कार्यमा ऊर्जा वा समय व्यतीत हुनेछ। | **धनु** : असन्तुष्टिको भावना जागृत हुनेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। |
| **कर्कट** : रचनात्मक कार्यमा वृद्धि हुनेछ। शुभचिन्तकहरूको सहयोग मिल्नेछ। | **मकर** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। शिक्षाको क्षेत्र फराकिलो हुनेछ। |
| **सिंह** : अर्थको अभाव रहनेछ। हजुरले गरेको मेहनतमा अरुले फाइदा उठाउनेछन्। | **कुम्भ** : मनमा अज्ञात भय रहनेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। |
| **कन्या** : चिताएका काम सम्पादन हुनेछन्। कार्यक्षेत्रमा उत्तम नतिजाले थप उत्साह जाग्नेछ। | **मीन** : सानाको साथ र सहयोग मिल्नेछ। रोकिएका कार्य प्रारम्भ हुनेछन्। |

# बाल बाटिका

बालकथा

## घृणाले आफैँलाई घात गर्छ



कसैप्रति वैरभाव गर्नु, नराम्रो भावना राख्नु, नराम्रो आँखाले हेर्नु, दुर्वचन बोल्नु, कसैलाई तिरस्कार गर्नु, होच्याउनु, कसैको बदख्याइँ गर्नु जस्ता सबै किसिमका बोली र व्यवहार घृणाको परिभाषाभित्र पर्छन् । यस्ता व्यवहारले अरूलाई त खासै फरक पर्दैन । किनकि त्यस्तो कुरा उनीहरूले लिँदैनन् तर जसले त्यस्तो व्यवहार गरेको छ उसैलाई भने हानि र नोक्सानी गर्छ । यो यस्तो रोग हो, जसले जीवनमा सबै किसिमको उन्नति र प्रगतिको मार्ग अवरुद्ध गरिदिन्छ । भाइबहिनीहरूको जानकारीका लागि सत्य घटनामा आधारित यहाँ यस्तै एउटा कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै समयमा स्वामी आनन्द नामका सज्जन लाहोरबाट प्रकाशित हुने 'दैनिक मिलाप' नामको पत्रिकामा काम गर्थे । त्यस पत्रिकाको सम्पादक नै उनै थिए । उनी सन्न्यासी थिए, सन्न्यासी धर्मअनुसार बरोबर अज्ञात स्थानमा गएर ध्यान साधना गर्ने गर्थे । यसो गर्दा उनलाई आनन्द मिल्थ्यो, काममा ताजगी । यसैका लागि एक पटक काँगडातिर लागेका थिए । यस पटक भने भइदियो के भने उनी काँकडाको जङ्गलमा पर्ने कुनै गुफामा बसेर ध्यान साधना गर्न त लागे तर ध्यान लाग्न भने सकेन । कारण त्यतिबेला उनको लाहोरका एक प्रतिष्ठित व्यपारीसित कुनै विषयलाई लिएर वैमनस्य बढ्दै गएको थियो । उनी जब आँखा चिम्लेर ध्यानमा बस्थे तब मनमा उनै व्यापारीको व्यवहार सम्झना आउने गर्थ्यो । उनी त त्यसलाई हटाउन चाहन्थे तर मनबाट भने मरिकाटे हट्दैनथ्यो । जति हटाउन खोज्यो उति बढेर आउँथ्यो । जति नै प्रयास गर्दा पनि केही नलागेपछि गहिरो सोचमा परे । ठिक त्यही बेला उनको अन्तरात्माले चेतावनी दिँदै भन्यो- 'हे आनन्द ! एकतर्फ तँ आत्मशान्तिका लागि ध्यान साधनाको बाटोमा लागेको छस् । यसैका लागि त्यति टाढाबाट आएको पनि हो । अर्कोतर्फ तेरो मनमा त्यस व्यापारीप्रति यति गहिरो घृणा र वैमनस्य छ कि कसै गरे पनि त्यसबाट उम्कन सकिरहेको छैनस् । यस्तो अवस्थामा कसरी मनले शान्ति पाओस्, ध्यान लाग्न सकोस् । मनमा कसैप्रति दुर्भावनाको कसर रहुन्जेल जहाँ पनि यस्तै हुन्छ । ध्यानमा मात्र होइन कुनै पनि काममा सफलता पाउन सकिन्न । शान्तिका लागि स्थान परिवर्तन गरेर हुन्न मन परिवर्तन गर्नुपर्छ । तेरो अशान्तिको कारण त्यो अमुक व्यापारी होइन । तेरो आफ्नै मन हो । ऊ त अहिले पनि त्यहीँ छ, जहाँ छाडेर आएको थिइस् । जब उसप्रति दुर्भावना भरिएको मन भने अहिले पनि साथमै छ भने कसरी शान्ति पाउँछस् ।' बल्ल उनको आँखा खुल्यो । त्यसपछि उनी एकै छिन पनि त्यहाँ बस्न सकेनन् । तत्कालै जुरुक्क उठे र झिटी गुन्डा बोकी लाहोरतर्फ लागे । उनलाई तत्कालै फर्केको देखेर अफिसका स्टापले सोधे-'स्वामीजी ! तपाईं ? अघिपछि त ५र७ पछि मात्र फर्कने गर्नुहुन्थ्यो । यस पटक त चाँडै नै आउनुभयो नि ? के पर्‍यो त्यस्तो ?' तर, उनले भने त्यसको उत्तर दिन आवश्यक ठानेनन् । एक शब्द पनि नबोली सरासर तिनै व्यापारीको घरमा पुगे, जोसित घृणा र वैरभाव थियो । यसरी स्वामीजीलाई अचानक आफ्नो आँगनमा देखेर व्यापारी छक्क परे । उनको आश्चर्यको सीमा नै रहेन । यसैको कारण बस्नुस्, कति कामले आउनुभयो ? भन्ने जस्ता सामान्य शिष्टाचार देखाउनेसम्मको हेक्का राख्न पनि सकेनन् तर स्वामीजीको भने त्यतातिर ध्यानै गएन । व्यापारीलाई देख्नासाथ शिरको पगरी उतारेर उनको चरणमा राख्दै भने- 'महाशय ! तपाईँसँग वैरभाव राखेर ठुलो भूल गरेँ । जे भए पनि गल्ती भइहाल्यो । जसले गरेको भए पनि त्यसको जिम्मा आफैँ लिन्छु । एउटा सामान्य नागरिकबाट भएको ठानेर माफी दिनुहोला ।' यसो भनिरहँदा उनको आँखाबाट आँसु झरिरहेको थियो । स्वामीलाई त्यस्तो अवस्थामा देखेर व्यापारीले पनि मन थाम्न सकेनन् । उनको आँखाबाट आँसु चुहिन थाल्यो । त्यसपछि उनले स्वामीजीलाई अँगालो हाल्दै भन्न लागे- 'होइन स्वामीजी ! त्यसो नभन्नुस् । गल्ती मेरो पनि थियो । मैले पनि तपाईँजस्ता सज्जनमाथि नराम्रो भावना राख्नुहुँदैनथ्यो । यस्तो अनुभव पहिलेदेखि नै नभएको पनि होइन तर आफ्नै अहमका कारण बोल्न सकिरहेको थिइन । आज तपाईंको आँखाबाट बगेको आँसुको धाराले बगाइदियो ।' यति भनेर उनीहरू दुवै धेरै बेरसम्म अँगालोमा बाँधिएर रहे । अब दुवैको अहम् बगेर छुमन्तर भइसकेको थियो । स्वामीजी भोलिपल्ट नै ध्यान साधनाका लागि पुन: त्यतै लागे । यसले यति ठुलो जादु गर्‍यो कि चाँडै नै ध्यान लाग्यो । उनी केही दिन त्यतै बसी साधना गरेर फर्के । यस्ता व्यापारीको अवस्था पनि यस्तै थियो । स्वामीजीप्रतिको वैरभावका कारण केही समयदेखि काममा सफलता मिलिरहेको थिएन । जब मनको मैलो पगालियो तब काममा दत्तचित्त भएर लाग्न सके र चाँडै नै उन्नति र प्रगति गर्दै जान थाले । यसरी शत्रुता रहुन्जेल उनीहरू दुवैले गन्तव्य भेट्न सकेका थिएनन् । मानसिक अशान्तिका कारण जता पनि असफलता भोग्नुपर्‍यो । जब शत्रुताको सट्टा मित्रताको हात बढाए तब दुवैले अपूर्व शान्तिको अनुभव गरे । यो एउटा दृष्टान्त हो । जहाँ पनि यही नियमले काम गरेको हुन्छ । कसैप्रति दुर्भावना रहुन्जेल मन शान्त हुँदैन । जब मन अशान्त हुन्छ तब कुनै पनि काममा सफलता पाउन सकिन्न । यही नै प्रकृतिको अकाट्य नियम हो ।

*-रातोपाटी डटकम*

*बल्ल उनको आँखा खुल्यो । त्यसपछि उनी एकै छिन पनि त्यहाँ बस्न सकेनन् । तत्कालै जुरुक्क उठे र झिटी गुन्डा बोकी लाहोरतर्फ लागे । उनलाई तत्कालै फर्केको देखेर अफिसका स्टापले सोधे-'स्वामीजी ! तपाईं ? अघिपछि त ५र७ पछि मात्र फर्कने गर्नुहुन्थ्यो । यस पटक त चाँडै नै आउनुभयो नि ? के पर्‍यो त्यस्तो ?' तर, उनले भने त्यसको उत्तर दिन आवश्यक ठानेनन् । एक शब्द पनि नबोली सरासर तिनै व्यापारीको घरमा पुगे, जोसित घृणा र वैरभाव थियो ।*

निबन्ध ● प्रमाण अधिकारी

## झोला त म पनि बोक्छु

पाँच वर्षको उमेरमा पोखरा, रामबजारको कालिका माध्यमिक विद्यालय भर्ना भएका दिनदेखि मैले झोला बोक्न सुरु गरेको हुँ । विद्यालय भर्ना भएपनि सबै पुस्तक र कापीको व्यवस्था नहुन्जेल सिसाकलम र एउटा कापीमात्र च्यापेर पनि केही दिन विद्यालय गएको थिएँ । विद्यालयमा शिक्षाआर्जन गरेर सकिए पनि उच्च शिक्षा हासिल गर्ने बेला विद्यालय पढ्दाताकाका जति नै किताब, कापी नहुने भएपनि झोला बोक्न चाहिँ छोडिएन । अथवा केही न केही सामान सधैँ लिएर हिँड्नपर्ने भएपछि झोला नबोकी सुख पनि भएन । प्रवीणता प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहको विद्यार्थी हुँदा पनि झोला बोक्न छुटेन । भनेपछि कक्षा एकदेखि स्नातकोत्तरसम्म पढ्दा बितेका बीस वर्षमा झोला बोकिनै रहियो । पढ्ने बेला किताब, कापी र कलम बोकियो । चुँडिन लागेका फिता गाँसेर बोकियो । झोला मैलो हुँदा आमाले धोइदिएपछि बोकियो । पछि पछि ठुलो भएर आफैँ झोला धोएर बोकियो । यो झोलासँगको नाता पाँच वर्षको उमेरदेखि चालीसको दसकमा छिर्नछिर्न लाग्ने बेला हुँदा पनि बोकिरहेको छु । यो त एउटा शरीरको नछुट्टिने अङ्ग जस्तै पो बनिसक्यो । झोला बोकेर हिँड्दा हिँड्दा कुनै झोलाका फिता चुँडिए, कुनै च्यातिए, कुनै उछिए । आजसम्म कतिवटा झोला फेरियो ठ्याक्कै याद भएन तर झोला बोक्न चाहिँ छोडेको छैन । गर्मीका बेला झोला बोक्दा पछाडि ढाड पसिनाले भिजेर कपडा पनि लछप्पै भिजेका बेला यो झोला बोक्न नपरे हुन्थ्यो भनेर अनेक तरिका अपनाउन खोजियोह तर यो झोला भन्ने चिज नबोकी सुख भएको छैन । अब त झोला बोकेन भने मैले 'के बिर्सें के बिर्सें' भनेर दिमागलाई बढी तनाव भइरहन्छ । कतै बिर्सी पो हालियो कि भनेर मन ढकक फुल्छ । विदेश गएका बेला त ठ्याक्कै एउटै झोला भएका साथी पनि एकै ठाउँ बस्दा झोला साटिएला भनेर अर्को तनाव पनि हुन्छ । कमिज र पाइन्टका गोजीमा किमती वस्तु नराखौँ भनेर जे पनि झोलामा राख्ने भएपछि झोला हरायो भने सर्वस्व नै हराउने चिन्ता पनि हुने रहेछ । त्यसैले झोलासँगको सम्बन्ध निकै गहिरो बनेको छ । उपन्यासकार कृष्ण धरावासीले पनि यही झोला खोतल्दा ऐतिहासिक विवरण फेला पारेका थिए । यही झोलाका नाममा उनले उपन्यास लेखे । उपन्यासमा आधारित भएर चलचित्र पनि बन्यो अनि चर्चित पनि । बीस वर्षे सक्रिय विद्यार्थीकालभरि झोला बोकियो । पढ्ने र सिक्ने कुरा त मृत्युशय्यासम्म पुग्दा पनि चलिरहन्छ । पढाइपछि जीविकाका लागि गरिने कामको प्रकृतिले पनि फेरि झोला नबोकी सुख पाइएन । एकाबिहानै हलो र जुवा बोकेर खेततिर हिँडेजस्तो झोलामा ल्यापटप र त्यसको चार्जर, मोबाइलका चार्जर, टिपोट राख्न एउटा कापी र एउटा कलम बोक्न पनि झोला नबोकी भएन । कार्यालय जाँदा ल्यापटप बोक्न, अस्पताल जाँदा फाइल बोक्न, घरबाहिर जाँदा कपडा र सामान बोक्न, बैठकमा जाँदा डायरी र कलम बोक्न, घुम्न निस्किँदा छाता, पानी आदि बोक्न, छोराछोरीका सामान बोक्न पनि अपरिहार्य वस्तु भएको छ । यस्तो महत्वपूर्ण जिनिस मेरा लागि दृष्ट अवस्थामा नै हुनुपर्छ । कार्यालयमा पनि मेरैछेउ बस्छ । गन्तव्यमा नपुगुन्जेल मेरै बुई चढेको हुन्छ । घर पुगेर बिसाए पनि त्यसले बोकेका सामान, बच्चाका लागि कौतुहलताका पोका बोकेको झोला सुत्नेबेला पनि मेरै वरपर हुनुपर्छ । त्यसैले यो निर्जीव वस्तु भएर पनि परिवारको सदस्यजस्तो भएको छ । यसप्रतिको चासो, यसको प्रयोग र उपादेयता अनि स्याहार हाम्रा लागि नियमित काम बनेका छन् । कार्यालयमा कहिलेकाहीँ झोला नभिरी पुगियो भने, बाटामा कुनै साथी वा छिमेकीले भेटेका बेला म कुनै काममा हिँडेको, कुनै प्रयोजनले हिँडेको भनेर पत्याउँदैनन् । "झोला खोइ?" भन्ने प्रश्न उनीहरूका मुखारविन्दबाट निस्किहाल्छ । जिन्दगीमा झोला त नियमित नै बोकिँदो रहेछ । यो झोला यति महत्त्वको होला र यसका बारे यतिका कुरा लेखिएला भन्ने चाहिँ लागेको थिएन । झोलाप्रतिको माया, घृणा, झ्याउ, यसबारेको स्मृति, घटना जेजस्तो भएपनि हामी झोला बोक्ने जति सबैलाई झोले भन्न मिल्नेरहेछ । म पनि झोले रहेछु । जिन्दगीमा तीन दसकभन्दा बढी झोला बोकेको मान्छे झोले होइन भनेर पनि कसरी भन्नु । मेरा बाले पनि झोला बोकेर नै जिन्दगी गुजार्नुभयो । काँधमा एकापट्टि भिर्ने झोला प्राय: बुनेर बनाइएका घरबुना झोला उहाँले प्रयोग गर्नुभयो । पछि ल्यापटप बोक्नका लागि बनाइने ब्यागजस्ता काला झोला बोकेर पृथ्वीनारायण क्याम्पस पोखरामा पढाउने डायरी, किताब, कलम आदि बोकेर नै उहाँको जीविका अगाडि बढ्यो । त्यस झोलाले कति प्रगतिवादी साहित्यका कृतिको पाण्डुलिपि बोक्यो । कति परीक्षार्थीका भविष्य निर्धारण गर्ने उहाँले जाँचेका उत्तरपुस्तिका बोक्यो । मेरा बालाई पनि झोले भन्न मिल्ला तर हाम्रो समाजले अर्थसङ्कुचन गरेको झोले चाहिँ उहाँ बन्नुभएन । झोले भन्ने शब्दलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरेको 'प्रज्ञा नेपाली बृहत् शब्दकोश'ले तीनवटा परिभाषामा समेटेको रहेछ । झोला बोक्ने झोले, अर्काको झोला बोक्ने झोले र झोलिलो वा रसिलो झोले । अर्काको झोला बोक्ने भन्ने परिभाषाको अभिधेयार्थ स्पष्ट नै छह तर यसको भावार्थले अर्को अर्थ पनि दिन्छ । भावार्थ व्यक्तिका आआना व्याख्याका आधारमा फरक फरक हुनसक्छन् । मैले कसैलाई सहयोग गर्न झोला बोकेँ भने पनि म झोले हुनसक्छु तर यसको लाक्षणिक अर्थले के सङ्केत गर्छ भन्ने कुरा हामी आफैँले बुझ्नुपर्ने अवस्था छ । कसैको झोला बोक्नु भनेको भौतिक रूपमा देखिने झोला नभई अदृश्य व्यक्ति वा संस्थाका रुचि, स्वार्थ र अभिष्ट पूरा गरिदिनका लागि सहयोगी भूमिका निभाउन गरिने क्रियाकलाप हो भन्ने म ठान्छु । यस किसिमको भूमिका निर्वाह गर्नेलाई दोस्रो प्रकारको झोले भन्ने होला भन्ने मेरो अनुमान छ । गलत र भ्रमपूर्ण सूचना दिने खालको पत्रकारिता भनेर अर्थ्याइएको शब्द पीतपत्रकारिता पनि त्यसरी नै आरोप लगाउने गरिएका झोले पत्रकार भन्ने शब्दले दिने अर्थ होला भन्ने मेरो बुझाइ छ । कुनै व्यापारीका खातिर, राजनीतिक नेताका खातिर, कुनै कर्मचारीका लागि वा कुनै उद्योगपतिका पक्षमा नराम्रो, नकारात्मक सूचना सम्प्रेषण नगर्ने, उनीहरूलाई चोख्याउन र जोगाउन भूमिका खेल्ने केही पत्रकार र प्रकाशन संस्थाका कारण उनीहरूलाई पनि झोलेको आरोप लाग्ने गरेको हुनसक्छ । कुनै व्यापारी, उद्योगीका पक्षमा सरकारका नीति र कार्यक्रम बनाउने वा तिनमा हेरफेर गर्न भूमिका खेल्ने वा सहयोग गर्ने झोले कर्मचारी पनि होलान् हाम्रा राज्य संरचनामा । नियमित रूपमा प्रकाशमा आइरहने समाचार र तिनका घटनाक्रमका आधारमा पनि यस किसिमका कुरा लेख्न धक मान्नुपर्ने अवस्था छैन । नीतिगत भ्रष्टाचारका सन्दर्भमा यस किसिमका झोलेहरूको भूमिका प्रशंसायोग्य ठहरिन्छ होला स्वार्थसमूहका लागि । यस्ता सन्दर्भका प्रमाण यत्रतत्र भेटिने गर्छन् । राजनीतिक पार्टीमा आबद्ध कार्यकर्ता वा समर्थकले नेतृत्वको समालोचना नगर्ने वा गर्न नपाउने र सम्बन्धित नेतृत्वले चुइँक्क विरोधका आवाज उप्कन नदिने वातावरणको सिर्जना गर्ने गरेका गुनासा पनि यदाकदा बाहिर सन्चारमा आइरहेकै छन् । जसका कारण ती व्यक्तिहरूले आलोचनात्मक चेत गुमाएका छन्, केही पाइहालिएला कि भनेर लुत्रुक्क परेका छन् र नेपालगन्जको घोडा जसरी एकसुरे, एकाङ्गी भइसकेका छन् । तिनीहरू कुनै संश्लेषण, विश्लेषणविना खुरुखुरु आज्ञापालन गर्ने व्यक्तिका रूपमा प्रतिस्थापित पनि भएका छन् । राजनीतिक पार्टीका यस किसिमको प्रवृत्तिले उत्पादन गर्ने भनेको झोले कार्यकर्ता नै हो । नेतृत्व विकास, समतामूलक प्रतिनिधित्व, अन्तरपार्टी लोकतन्त्र र जनतासम्म पुग्ने अवसरलाई यस किसिमको प्रवृत्तिले हानी गर्ने कुरामा दुईमत नहोला । अर्कातर्फ झोलामै छाप र लेटरहेड लिएर गैर सरकारी संस्था चलाउने झोले एनजीओ पनि प्रशस्तै थिए र अहिले पनि छन् । तर विगतका कतिपय विषम परिस्थितिमा पनि जनताका काम रोक्न भएन भनेर झोलामै गाविसका छाप र लेटरहेड लिएर कतिपय गाविस, वडा सचिवले काम गरे । त्यस समयका केही समस्या र गुनासा पनि होलान् तर त्यस्ता बेला राम्रा काम गरेकालाई सकारात्मक झोलेका रूपमा परिभाषित गर्नु उपयुक्त होला भन्ने मेरो मान्यता छ । भाषाको प्रयोग सँगसँगै कुनै पनि शब्दको अर्थसङ्कुचन र अर्थविस्तार हुने प्रक्रियाको सिकार भएर हाम्रा किरा जातिका अरिङ्गाल पनि यहाँ बदनाम भएका छन् । यिनीहरूको राजनीतिक पार्टीसँग केही लिनुदिनु छैन तर यिनीहरू नकारात्मक मानकका रूपमा स्थापित गराइएका छन् । सामाजिक सञ्जालको व्यापक प्रयोग र बढ्दो प्रभावका कारण कसैलाई आक्रमण गर्ने र त्यसको प्रत्याक्रमण अर्को समूहले गर्ने काममा यी डिजिटल अरिङ्गाल सक्रिय रहन्छन् । रामायणका कथामा चर्चा हुने राम र सीताका भक्त हनुमान पनि यसरी नै बदनाम छन् । कुनै व्यक्तिको रक्षामा उत्रिए, उसको बचाउ गरे, ती सबै रक्षक र समर्थक, हनुमान कहलिने अहिलेको अवस्था छ । तिनीहरू झोला नबोकी यी सबै काम गर्छन् तर पनि तिनीहरूलाई झोलेका रूपमा व्याख्या गर्न सकिन्छ । चेतनाशून्य र बौद्धिक लाचारी अर्थसङ्कुचन भएका झोले, अरिङ्गाल र हनुमानको विशेषता हो । तर्क र सिद्धान्तले यिनीहरूसँगको वादविवादमा काम गर्दैन । के चलायो मुखमा छिटा र मुखैदेखि दैव डराउने कुरा मनन् नगरी यस किसिमका झोलेसँग पैँठेजोरी खेलियो भने दुख पाउने आफूले नै हो । यति हुँदाहुँदै पनि झोलाका सच्चा प्रयोगकर्ताका लागि भने झोलाको महत्त्व घट्नेवाला छैन । यो हाम्रो जीवनमा अझै केही समय महत्त्वपूर्ण अङ्गका रूपमा रहिरहने छ । हामी यसको प्रयोगलाई निरन्तरता दिइरहने छौँ । कसैले झोले भन्ला भनेर पीर पनि गर्ने छैनौँ । किनकि झोला बोक्नेलाई झोले भनेर नै भन्ने हो । फरक यत्ति हो हामी त्यो झोलामा किताब, कापी, कलम, अत्यावश्यक सामान राख्छौँ न कि कसैको बिकाउ विचार, एकाकी तर्कका दस्तावेज, स्वार्थी अभीष्ट र क्षणिक लाभ । बोक्नेछौँ त केवल विचार, सिद्धान्त र धैर्यको कथागाथा, दूरगामी सोच, समानताको लक्ष्य र समाजवादी भविष्य । मेरो झोला मसँगै छ । म अरू कसैको झोला बोक्दिन । म झोले हुँ । मलाई यो नामसँग कुनै गुनासो छैन ।

*-समकालीन साहित्य डटकम*

# कालीगण्डकी करिडोर अन्तर्गतका दुई सडक हस्तान्तरण



**तानसेन (पाल्पा),**साउन ७/ कालीगण्डकी करिडोर (गैंडाकोट-राम्दी-मालढुंगा) सडक योजना पाल्पाअन्तर्गतका दुई वटा सडक हस्तान्तरण गरिएको छ । करिडोर सडक योजनाले रानीमहल-अर्गली र पिपलडाँडा-गैंडाकोट सडकखण्ड सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरेको हो ।

सडक डिभिजन पाल्पा र भरतपुरलाई आ-आफ्नो क्षेत्र हस्तान्तरण गरिएको कालीगण्डकी करिडोर सडक आयोजनाका सूचना अधिकारी ई.अरुण खत्रीले बताउनुभयो । उहाँका अनुसार पिपलडाँडादेखि रामपुर हुँदै गैंडोकोटसम्मको दुरी १ सय ३१ दशमलव ७ किलोमिटर र १४ दशमलव २ किलोमिटर रानीमहल-अर्गली सडक कालोपत्रे गरी हस्तान्तरण गरिएको हो । सडक कालोपत्र गर्न भारतीय निर्माण कम्पनी इकेके इन्फ्राइस्ट्रक्चरले ठेक्का लिएको थियो । जसको कुल लागत साढे ५ अर्ब ५२ करोड ९४ लाख ४५ हजार रुपैयाँ रहेको आयोजनाले जनाएको छ । यहाँ कालीगण्डकी करिडोर सडक खुलेपछि धेरै सवारी आवागमन बढ्नुको साथै होटल व्यवसाय फस्टाएको छ । गाउँका तरकारी, फलफूल बिक्री भएका छन् । जसले गर्दा आर्थिक आम्दानी पनि बढेको छ । कालीगण्डकी करिडोरकै कारण यस क्षेत्रका बाँदर लड्ने भिरपाखामा बस्ती बढेका छन्, सुनशान क्षेत्र गुल्जार बनेका छन् ।

## पाल्पामा नसर्ने...

...उनका अनुसार सबै भन्दा बढी उच्च रक्तचापका विरामीहरु पनि बगनासकाली गाउँपालिकामै देखिएका छन् । यहाँ ८५ प्रतिशत विरामीमा उच्च रक्तचाप देखिएको न्यौपानेको भनाई छ । भयावह रूपमा नसर्ने प्रकृतिका रोगहरू देखा परेको स्वास्थ्य कार्यालयका प्रमुख टुक प्रसाद पोखरेलले बताए । नागरिकले जीवनशैली, खानपान जस्ता कुरामा ध्यान केन्द्रीत नगर्दा नसर्ने रोगहरुको जोखिम बढ्दै गएको उनको भनाई छ । यस्ता रोग नियन्त्रणका लागि कार्यालयको सिमित स्रोत र साधानको प्रयोग गरि सचेतना, परीक्षणका कार्यक्रमहरु गर्दै आएको प्रमुख पोखरेलले बताए । प्रदेश सरकारले पनि नसर्ने रोग बढ्दै गएपछि सबै जिल्लामा परीक्षणको दायरा बढाउदै सचेतनाका कार्यक्रमलाई अगाडि बढाएको छ । स्वास्थ्य सबै भन्दा महत्वपूर्ण र संवेदनशील क्षेत्र भएकाले त्यसलाई प्राथमिकतामा राखेर प्रदेश सरकारले काम गर्दै आएको लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताए । उनले भने "हामी भाषणमा नभई तथ्याङ्कमा आधारित रहेर स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने दिशामा लागिरहेका छौं, केही जिल्लाहरुमा नसर्ने रोगको जोखिम बढ्दो छ , हामी त्यसलाई रोक्ने प्रयास गरिरहेका छौं ।" सार्वजनिक तथ्याङ्कको रिपोर्टलाई आधार बनाएर पालिकाहरुले स्वास्थ्य क्षेत्रमा निति नियम तथा कार्यक्रम बजेटमा ध्यान दिएमात्र प्रदेश सरकारले गरेको लगानी उपयोगी हुने स्वास्थ्यमन्त्री सारुले बताए ।

## पाल्पामा मनाइयो...

उनका अनुसार यो पर्व पर्वमा मात्रै सीमित नभई यससँग वैज्ञानिक कारण पनि जोडिएको छ । रोपाईपछि झारका कारण बढ्ने लामखुटे, भुसुनालाई आगो बालेर भगाउने बैज्ञानिक कारण यो पर्वसँग जोडिएको उनको भनाई छ । जिउभरि घण्टा झुण्डाएर बस्ने भएकाले उनको नाम घण्टासुर रहेको देउरालीले बताए । गठेंमंगा: पर्व अर्थात् घण्टाकर्ण नेवारहरूको मौलिक पर्व मध्येको एक हो । वर्षको चार वटा प्रमुख चतुर्दशी घण्टाकर्ण चतुर्दशी, बाला चतुर्दशी, तिहारको काग चतुर्दशी र शिवरात्रि चतुर्दशीमध्ये घण्टाकर्ण चतुर्दशी नेवार समुदायले मात्र मनाउने भएकाले यसलाई नेवार समुदायको मौलिक पर्वका रूपमा लिने गरिएको हो । मानवता विरोधी राक्षसबाट मुक्ति पाएको सम्झनामा यस दिन बिहानै स्नान गरी घरलाई सफा सुग्घर पारेर हरियो नर्कट, निगालो र गहुँको छ्वाली मिसाएर तीन खुट्टे राक्षस बनाई दोबाटो चौबाटोमा उभ्याइन्छ । राती राँको बालेर भूत भगाइन्छ र पुतलाका रुपमा बनाइएको घण्टा कर्ण राक्षसको मुखमा आगो लगाएर घिसार्दै खोला किनारमा पुऱ्याइन्छ । अश्लिल गाली र गीत गाउँदै मनोरञ्जन गरेर घण्टा कर्ण राक्षसलाई जलाइन्छ । यसरी परम्परा देखी नै अश्लिल शब्दहरूको प्रयोग गर्ने छुट रहेको किम्बदन्ती पाउन सकिन्छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### चेस टी-२० अलराउन्डर वरीयताको दोस्रो स्थानमा



**काठमाडौं**, साउन ७/वेस्ट इन्डिजका रोस्टन चेस आईसीसी टी-२० अन्तर्राष्ट्रिय क्रिकेट वरीयताको दोस्रो स्थानमा आइपुगेका छन् । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल ( आईसीसी) को पछिल्लो वरीयतामा एकैपटक सात स्थान सुधार गर्दै रोस्टन दोस्रो स्थानमा आइपुगेका हुन् । यो वरीयतामा भारतका हार्दिक पान्ड्या शीर्ष र नेपालका दीपेन्द्रसिंह ऐरी तेस्रो स्थानमा यथावत् छन् । यस्तै नेपालकै कुशल भुर्तेल ३३, गुल्सन झा ५९, रोहित पौडेल ६८, कुशल मल्ल ६९ र करण केसी ८५औं स्थानमा छन् । टी-२० ब्याटिङ वरीयतामा अस्ट्रेलियाका ट्राभिस हेड शीर्ष, भारतका अभिषेक शर्मा दोस्रो र भारतकै तिलक वर्मा तेस्रो स्थानमा यथावत् छन् । यो वरीयतामा नेपालका दीपेन्द्र सिंह ६१, रोहित पौडेल ६५, आसिफ शेख ८० र कुशल भुर्तेल ८५औं स्थानमा छन् । टी-२० बलिङ वरीयतामा न्युजिल्यान्डका ज्याकब डुफी शीर्ष, इङ्गल्यान्डका आदिल रशिद दोस्रो र भारतका वरुण चक्रवर्ती तेस्रो स्थानमा यथावत् छन् । यो वरीयतामा नेपालका ललित राजवंशी ५८, सन्दीप लामिछाने ७५ र दीपेन्द्रसिंह ऐरी ७८औं स्थानमा छन् ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** साउन ७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक पाँच दशमलव १७ अङ्कले बढेर दुई हजार नौ सय ७८ दशमलव ८८ को बिन्दुमा कायम भएको हो ।

तीन सय १९ कम्पनीको चार करोड ४८ लाख ६६ हजार १५९ कित्ता शेयर एक लाख ७० हजार ३१८ पटक खरिदबिक्री हुँदा रु १९ अर्ब ५७ करोड ५२ लाख ७० हजार ५५७ दशमलव ६७ को कारोबार भएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव २५, विकास बैंक शून्य दशमलव ९२, होटल तथा पर्यटन एक दशमलव १०, जीवन बिमा शून्य दशमलव ५०, लघुवित्त शून्य दशमलव ७२ र निर्जीवन बिमा शून्य दशमलव ६१ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा बढी वित्त समूह तीन दशमलव २३ प्रतिशतले बढेको छ । जलविद्युत् शून्य दशमलव ८८, लगानी शून्य दशमलव ९०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४०, म्युचुअल फण्ड शून्य दशमलव १५, व्यापार शून्य दशमलव ३१ र अन्य समूह एक दशमलव ४४ प्रतिशतले बढेका छन् । ट्रेड टावर लिमिटेड र सान्भी इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ३२ प्रतिशतले घटेको छ ।

## डेंगीबाट बचौं र बचाऔं ।

**लक्षण:**

-उच्च ज्वरो आउनु,
-जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
-आँखाको गेडी दुख्नु,
-अत्याधिक टाउको दुख्नु,
-शरीरमा राता बिबिराहरु आउनु,
-वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

-लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
-घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
-लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
-घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
-सुत्ने बेलामा झुल लगाएर सुतौं,
-एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं

'डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो'

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई